दर्ता नं. ८/०५०/०५१ पान नं.३०१४२३६१० स.क.प. आवद्धता नं. १४२८

# श्री ग्रामीण नारी उत्थान संघ

## Rural Women Upliftment Association (RWUA)

हरिपुर न.पा. – २, सर्लाही

स्थापना २०५०

पत्र सं.०८१/०८२ च.न. ५४५

मितिः २०८२ जेठ ११ गते

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
हरिपुर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
सर्लाही

विषयः जानकारी सम्बन्धमा

उपरोक्त सम्वन्धमा सेभ द चिल्ड्रेनको सहयोग हरिपुर नगरपालिकाको समन्वय र ग्रामीण नारी उत्थान संघ द्वारा सञ्चालित समुन्नति कार्यक्रम हरिपुर नगरपालिका सबै वडाहरुमा सञ्चालनमा रहेको व्यहोरा यहाँलाई अवगत नै छ। सोही अनुरुप हरिपुर नगरपालिका भित्र रहेका समुदाय तथा विद्यालय स्तरका बाल क्लब अर्न्तगतका वा बाल क्लबको अनुभव भएका ११ देखि १९ वर्ष उमेर समुहका किशोरीहरुका लागि **"बाल विवाह विरुद्धको किशोरी क्रिकेट"** कार्यक्रम सञ्चालनका लागि सम्बन्धित पालिका भित्रका ईच्छुक किशोरीहरुले अभिभावकको स्वीकृति फारम भरि दरखास्त प्रक्रियामा समावेश हुनका लागि, **दरखास्त आह्वान** सम्बन्धि सुचना यस संस्थाको https://www.facebook.com/rwuaharipur/ र https://rwua.com.np/ समेत प्रकाशन गरिएको जानकारी सहित अनुरोध गर्दछौं।

सहयोगका लागि धन्यवाद !

सुर्य प्रसाद चालिसे
सचिव
ग्रामीण नारी उत्थान संघ
हरिपुर नगरपालिका-२, सर्लाही

CamScanner

दर्ता नं. ८/०५०/०५१ पान नं.३०१४२३६१० स.क.प. आवद्धता नं. १४२८

# श्री ग्रामीण नारी उत्थान संघ

Rural Women Upliftment Association (RWUA)

हरिपुर न.पा. सर्लाही

स्थापना २०५०

पत्र स-२०८१/०८२ च.न.-५४८

## किशोरी क्रिकेट छनौटका लागि दरखास्त आह्वान

**पहिलो पटक प्रकाशन २०८२/०२/११ गते**

ग्रामीण नारी उत्थान संघ र सेभ द चिल्ड्रेनको सहयोग तथा ईश्वरपुर नगरपालिका र हरिपुर नगरपालिकाको समन्वयमा सञ्चालित समुन्नति कार्यक्रम अर्न्तगत वाल विवाह न्युनीकरणका लागि **"बाल विवाह विरुद्धको किशोरी क्रिकेट"** उद्देश्यका साथ साथै किशोरीहरुको सशक्तिकरण, स्वावलम्वी सीप विकास, किशोरी खेलाडीहरु उजागर गर्न, स्थानीय स्तरमा किशोरी सञ्जालीकरण तथा किशोरी नेतृत्वमा आधारित खेल प्रर्वद्धन गर्ने मुल उद्देश्यका साथ इच्छुक समुदाय तथा विद्यालय स्तरका बाल क्लब अर्न्तगतका वा बाल क्लबको पुर्व सदस्य भएका ११ देखि १९ वर्ष उमेर समुहका किशोरीहरुका लागि **दरखास्त आह्वान गरिएको छ।**

**योग्यता तथा अनुभव :**

- दर्ता गर्न आउने किशोरी/बालिकाको उमेर ११ देखि १९ वर्ष पुगेको हुनु पर्नेछ।
- दर्ता गर्न आउने किशोरी/बालिका बाल क्लवको सदस्य वा बाल क्लबको अनुभव भएको हुनु पर्नेछ।
- दर्ता गर्न आउने अपाङ्गता भएको (बहिरा) किशोरी/युवती र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको उमेर ११ देखि २२ वर्ष पुगेको हुनु पर्नेछ।

**आवश्यक कागजातहरु :**

- बालबालिकाको नागरिकता वा जन्मदर्ताको प्रमाण पत्र अनिवार्य।
- अभिभावक/संरक्षकको नागरिकता अनिवार्य।
- मञ्जुरीनामा पत्र।
- हस्तलेखित निवेदन पत्र।

**नोट :** प्रारम्भिक छनौटमा परेका बालबालिकाहरु मात्र छनौट प्रकृयामा समावेश गराइने छ। छनौट प्रक्रियामा संस्थाको निर्णय नै अन्तिम निर्णय हुनेछ। छनौट सम्बन्धमा कसैको पक्षमा कुनै प्रकारको हस्तक्षेप वा दवाव आएमा उक्त आवेदकले पठाएको निवेदन स्वतः अमान्य हुनेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/०२/१७ गते साँझ ५:०० बजे सम्म।

**जानकारी लिने तथा आवेदन दर्ता गराउने ठेगाना :**

ग्रामीण नारी उत्थान संघ, सर्लाही (RWUA)
इमेल: rwua.haripur@rwua.org
सम्पर्क नं. ०४६-४११६०९

.............................

सुर्य प्रसाद चालिसे
सचिव